# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज १७ गते २०४० साल

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना

श्रम तथा सामाजिक कल्याण मन्त्रालयका सचिव श्री माधवलाल तवदार दक्षिण कोरियाको सिउलमा आई. एल. ओ. को तत्वावधानमा हुने दोश्रो एशियाली श्रम, कानून तथा सामाजिक सुरक्षा सम्बन्धी काँग्रेसमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री जगन्नाथ जोशीलाई मिति २०४०।५।२७ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,

भोगेन्द्रनाथ रिमाल

श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

3960

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारहरूबाट गरिबक्सने स्पेन अधिराज्यको राजकीय भ्रमणको सिलसिलामा सवारीसाथ परराष्ट्र मन्त्रालयका सचिव श्री विश्व प्रधान पनि त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभए-सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका शिष्टाचार महापाल श्री विश्वेश्वरप्रसाद रिमाललाई मिति २०४०।५।३१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

भोगेन्द्रनाथ रिमाल

श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

जलस्रोत मन्त्रालयका सचिव श्री मधुसूदन ढकाल भारतको नयाँ दिल्लीमा हुने १२ औं विश्व उर्जा महाधिवेशनमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री सुवर्णजङ्ग राणालाई मिति २०४०।६।२ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

भोगेन्द्रनाथ रिमाल

श्री ५ को सरकारको मुख्य सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३१८